# उद्घोषण तालिमका लागि आवेदन दिने सम्बन्धी सूचना !!!

सूचना प्रकाशित मितिः २०८३/०६/१९

(ने. सं. ११४६ जंलागा दशमी)

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बेरोजगार लक्षित उद्घोषण तालिमको लागि वजेट विनियोजन भएकोमा भाषणकला र नेतृत्व विकास गर्न इच्छुक १८ देखि ४० वर्ष उमेर समूहका युवाहरुलाई लक्षित गरी छोटो अवधिको ७ दिने निःशुल्क उद्घोषण तालिम सञ्चालन हुन गइरहेकोले तालिम लिन इच्छुक नेपाली युवा नागरिकहरुले गल्छी गाउँपालिका रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा गई यो सूचना प्रकाशन भएको मितिले ५ दिन भित्र (मिति २०८३/०६/२३ गते सम्म) आवेदन फाराम पेस गर्नु हुन सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| | | |
|---|---|---|
| १) | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | - १ प्रति |
| २) | पासपोर्ट साइजको फोटो | - १ प्रति |
| ३) | सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र | - १ प्रति |
| ४) | तालिममा सहभागि भए पश्चात पुरै समय तालिममा बस्ने प्रतिवद्धता सहितको निवेदन | - १ प्रति |

**पुनश्चः**

- तालिम लिई तालिमको सदुपयोग गर्ने क्षमता भएका सूचिकृत बेरोजगार महिलाहरुलाई विशेष प्राथमिकता दिइनेछ।
- तालिम समय बिहान ७:३० देखि १२:०० बजे सम्म दैनिक ४ घण्टा ३० मिनेटको हुनेछ ।

(पूर्ण प्रसाद दुलाल)
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थः**

श्री सूचना प्रविधि शाखाः सूचना गाउँपालिकाको Website तथा Facebook पेजमा अपलोड गरिदिनुहुन।

श्री वडा कार्यालय (८ वटै): सूचना प्रचारप्रसार गरी आवेदन संकलन गर्नुहुन।